# कल सेन्टरकोस्थापना र सञ्चालनगरिएको सम्बन्धमा प्रेश विज्ञप्ती

(चैत्र १८, २०७५)

माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री गोकर्ण विष्टज्यूले आज मन्त्रालयमा स्थापना गरिएको कल सेन्टरको शुभारम्भ गर्नुभयो । वैदेशिक रोजगार बोर्ड सचिवालयको व्यवस्थापनमा सञ्चालनमा ल्याईएको कल सेन्टरको प्रमुख उद्देश्य श्रम सम्वन्ध, आन्तरिक तथा वैदशिक रोजगार र सामाजिक सुरक्षा क्षेत्रसँग सम्वन्धित सेवाग्राही एवंसरोकारवालाहरूका समस्या,जिज्ञासा,गुनासा र सुझावहरूलाइ प्रत्यक्ष संकलन र सम्बोधन गर्नु रहेको छ । कल सेन्टरको संचालनबाट मन्त्रालय र यस अन्तर्गतका निकायहरूको कार्यक्षेत्रसंग सम्बन्धित आधिकारीक सूचनाको तत्काल प्रवाह हुने तथा सेवाग्राहीका समस्याको शिघ्र सम्वोधन हुने विश्वास गरिएको छ ।

कल सेन्टरमार्फत मन्त्रालयले मुख्य गरी वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्डको सचिवालय, प्रधानमन्त्री रोजगार कार्यक्रम, सामाजिक सुरक्षा कोषको साथै मन्त्रालय मातहतका अन्य निकायहरुबाट भइरहेका काम कारवाहीहरुबारे जिज्ञासा राख्ने, सरोकारवालालाई जानकारी दिने, रचनात्मक सुझावहरु प्राप्त गर्ने र गुनासाहरुको सुनुवाई गरी तत्काल समस्या समाधानको पहल गर्नेछ । वैदेशिक रोजगारीको क्षेत्रमा ठगी लगायतका समस्यामा परी न्यायकोखोजीमा रहेकाहरू, विदेशमा विभिन्न कारणले अलपत्र परेका वा स्वास्थ्य समस्याबाट पीडित भै घर फर्कन चाहनेहरु, विविध कारणले मृत्यु भएका र  अलपत्र परेका नेपाली कामदारको शव नेपाल ल्याउन नसकी समस्या परेकाहरू,झुठ्ठा मुद्दामा परी जेल सजाय भोगीरहेकाकामदारलाइ निशुल्क कानुनी सहायताको आवश्यकता रहेकाहरू लगायत अन्य विविध समस्याबाट पीडित कामदारहरुले अव सोझै कल सेन्टरमा सम्पर्क गरी सहायताका लागि अनुरोध गर्न सक्नेछनभने वैदेशिक रोजगारसँग सम्बन्धित पूर्व प्रस्थान अभिमुखीकरण कार्यक्रम, सीप विकास तालिम, वैदेशिक रोजगारीमा सुरक्षितरुपमा जान अपनाउनु पर्ने प्रकृयाहरु, यस क्षेत्रमा आबद्ध सरकारबाट स्वीकृति प्राप्त निजी संघसंस्थाहरूबारे समेत यस कल सेन्टरबाट आधिकारिक जानकारी प्राप्त गर्न सकिनेछ । यस्तैगरी, योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा सहभागी हुने प्रकृयाहरु र यस सम्बन्धमा भोग्नु परेका समस्याहरुबारे तथा प्रधानमन्त्री रोजगार कार्यक्रमसँग सम्बन्धित जिज्ञासा एवं समस्याहरुको बारेमा समेत सेवाग्राहीले सिधै फोन सम्पर्क गरी गुनासो गर्न वा जानकारी हासिल गर्न सक्नेछन् । यसका साथै मन्त्रालय तथा सम्बन्धित महाशाखा/शाखाहरु, वैदेशिक रोजगार विभाग, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग एवं मातहतका कार्यालयहरुको कामकारवाही तथा वैदेशिक रोजगार बोर्ड सचिवालयको सेवा प्रवाहबारे समेत सेवाग्राहीहरुले जानकारी लिन वा गुनासो टिपाउन सक्ने व्यवस्था गरिएको छ । मन्त्रालय तथा मातहतका निकायहरुबारे कल सेन्टरमा दैनिक रुपमा प्राप्त हुने गुनासाहरु सुनुवाई गरी तत्काल सम्बोधन गर्न वा जानकारी दिन कल सेन्टरबाट सम्बद्ध निकायमा सम्पर्क/समन्वय गर्ने र यस सम्बन्धमा सम्बन्धित निकायले तत्काल सम्बोधन गरे/नगरेको विषयमा माननीय मन्त्रीज्यू, सचिवज्यू लगायत सम्बद्ध पदाधिकारीबाट नियमित अनुगमन एवं तारताकेता गर्न सक्ने व्यवस्था समेत मिलाईएको छ ।

यसरी गुनासो गर्न,सुझाव दिन वा जानकारी लिन चाहने सेवाग्राहीहरुले स्वदेशबाट भए कल सेन्टरको सम्पर्क नम्बर ११४१ वा १६६००१५०००५ मा तथा विदेशबाट भए ईमेल, फेसबुक, मेसेन्जर, ईमो, भाइवर आदि जस्ता अनलाईन नेटवर्क मार्फत् निशुल्करुपमा कल सेन्टरको सम्पर्क नम्बर +९७७१५९७०००८ मा (टेलिफोन गर्दा शुल्क लाग्ने)सम्पर्क गर्न सक्ने व्यवस्था मिलाईएको छ । हाल केही समयका लागि यो सेवा परीक्षणको रुपमा सञ्चालन गर्ने सिलसिलामा नेपाल टेलिकमको सेवा प्रयोगकर्ताहरुका लागि निशुल्क भएको भएतापनि छिट्टै एनसेलको सेवा प्रयोगकर्ताहरुका लागि समेत निशुल्क हुने गरी व्यवस्था मिलाइने छ । कल सेन्टरको सेवा हरेक दिन विहान ७ बजेदेखि बेलुकी ८ बजेसम्म उपलब्ध हुनेछभने सेवाग्राहीहरुको संख्या र मागलाई ध्यानमा राखी भविश्यमा यो सेवालाई आवश्यकता अनुसारचौविसै घण्टा र निशुल्क गराउने तर्फ मन्त्रालय अग्रसर हुनेछ ।■

**जानकारी तथा गुनासोको लागि:**निशुल्क फोन : ११४१ अथवा १६६००१५०००५
बिदेशबाट (सशुल्क फोन) : ९७७१५९७०००८
ईमेल : callcenter@fepb.gov.np, Viber/Imo मार्फत फोन वा म्यासेज गर्न: ९८०१८०००१३
Facebook:facebook.com/molcallcenter, Twitteer: twitter.com/mol_callcenter